# BAPTISM: What? Where? Who? How? Why? When?

बप्तिस्मा : के हो ? कँहा ? कसबाट ? कसरी ? किन ? कहिले ?

-by Stanley Scism

अनुवादक : बवी अधिकारी

बप्तिस्मा भनेको के हो ? डुब्नु/डुबाउनु । बप्तिस्मा भन्ने शब्द ग्रिक भाषा बाप्टीजो बाट आएको हो । जसको अर्थ डुवाउनु अथवा डुवाउने हो । जस्तो उदाहरणको लागि कुनै सेतो कपडालाई कालो बनाउनु पर्‍यो भने त्यसलाई कालो रंग भएको भाडोमा सेतो कपडालाई सम्पूर्ण भाग डुवाइन्छ र त्यसको रंग परिवर्तन गरिन्छ । त्यस्तै पूर्ण भाग डुवाउने भन्ने अर्थमा वप्तिस्मा भन्ने शब्द प्रयोग गरिन्छ । नेपाल लगायत संसारका धेरै मण्डलीहरुले प्रभु येशूमा विश्वास राख्ने वा गर्नेहरुलाई पानिमा डुवाएर वप्तिस्मा दिन्छन । नयाँ नियमको पुस्तकहरुमा पनि वप्तिस्मा पानिमा दिएको ब्याख्या गरिएको छ । **हेर्नुहोस (मति ३:६, मर्कश १:५, प्रेरित ८:३)** वप्तिस्मा दिने यहुन्नाले पनि जहाँ प्रशस्त पानि थियो यस्तो यस्तो ठाउमा वप्तिस्मा थिए ।
**यहुन्ना ३:२३**

**वप्तिस्मा कहाँ कस्तो ठाउँमा मानिसहरुले लिए ?**

जहाँ प्रसस्त डुवाउन वा डुब्न मिल्ने हुन्छ त्यहि डुवाउको वप्तिस्मा हुन्छ । यहुन्नाले मानिसहरुलाई यर्दन नदिमा वप्तिस्मा दिए । **(मति ३:६, मर्कुश १:५)** । येशूले पनि यर्दन नदिमा वप्तिस्मा लिनु भयो र आफ्नो प्रचारलाई बढाउदै लामो समय सम्म गलिलका नदिको किनाराका भागहरुमा प्रचार गर्नु भयो । सिजरियामा कर्नीलियस **(प्रेरित १०)** नामक ब्यक्ति नदिको किनारमा वस्थे । अपोल्लोस कोरिन्थमा हुदा पावल भित्रि इलाकाबाट एफिसीसमा आएर वप्तिस्मा दिएर
**(प्रेरित १९)** । यहाँ पावलले कुन ठाउमा वा कुन शहरमा भनेर उल्लेख गरेका छैनन् । कोहि कोहि मानिस भन्ने गर्दछन, वप्तिस्मा त ट्याँकिमा भन्दा सागर वा नदिमा नै दिनु पर्छ तर इथोपिया **(प्रेरित ८)** हरुले येरुशलेम र गाँजा तर्फ विच बाटोमा पनि भएको ठाऊमा पुगे र फिलिफिले वप्तिस्मा लिए । फिलिपियन जलेर र उनका परिवार (**प्रेरित १६:३३**)ले वप्तिस्मा लिए जहाँ संभवत नदि भनेर लेखेको पाईदैन । यसवाट के स्पष्ट हुन्छ भने, वप्तिस्मा सागर वा नदिमा मात्र नभएर नदि वा सागर नभएको ठाऊमा दिन वा रात जुनसुकै बेला पनि दिइन्थ्यो । नयाँ नियमको पुस्तकमा **(प्रेरित २)** पेन्तिकोषको दिनमा करिव ३००० मानिसले वप्तिस्मा लिए भनेर लेखिएको छ तर यहि ठाऊमा (नदि,सागर) भनेर लेखिएको छैन । यस्तै सामरीयनहरुले
**(प्रेरित ८)** वप्तिस्मा लिएको पाउछौं तर नदि वा सागरमा नै लिएको उल्लेख गरिएको छैन । संक्षेपमा भन्नु पर्दा वप्तिस्मा दिने दिने ठाऊहरुमा प्रशस्त पानी थियो अथवा जहा डुवाउन सकिने पानि हुन्छ त्यहि वप्तिस्मा दिन्थ्ये । पानि भएको ठाऊमा धर्मिक विधि अनुसार शरिरलाई पानिमा डुवाएर निकाल्नुलाई नै वप्तिस्मा भनिन्छ र यस्तो ठाऊ, सागर, नदि, ताल, खोला, कुवा, ट्याँकि, पोखरी जहा प्रसस्त डुवाउन वा डुब्न सक्ने पानि हुन्छ । त्यहि वप्तिस्मा दिने कार्य सम्पन्न गरिन्छ ।

**वप्तिस्मा कसबाट र कसरी लिइयो/दिइयो ?**

जो कोहिले प्रभु येशू ख्रिष्टलाई चिन्छ, उहाँको वचनलाई स्विकार गर्छ र पश्चाताप गरी उहाँलाई ग्रहण गर्दछ त्यस्तो जो कोहिले वप्तिस्मा लिन सक्छ । वप्तिस्मा दिने यहुन्नाले यहुदियमा आएर प्रचार गर्न थाले तब यरुशलेम र सबै यहूदिया र यर्दन वरिपरिका इलाकका सबै मानिसहरु तिनीहरु कँहा आए र आफ्नो पाप स्विकार गर्दै यर्दन नदिमा वप्तिस्मा लिए ।
**(मति ३:५-६, मर्कुश १:५)** र सत्यताको बाटो लाग्ने भिडले यहुन्नालाई प्रश्न गर्न थाले र आफ्नो जीबन परिवर्तन गरे **(लुका ३:१०-१४)** जस जसले यहुन्नाको प्रचार माथि विश्वास गरे तिनीहरुलाई येशूका चेलाहरुले वप्तिस्मा दिए । **(यहुन्ना ३:२६)** वप्तिस्मा दिने क्रममा यहुन्नाले भन्दा बढी अरु चेलाहरुले वप्तिस्मा दिए । **(यहुन्ना ४:१-२)** येशूले हामीलाई भन्नु हुन्छ - "वप्तिस्मा सबैजनालाई देऊ **(मति २८:१९)** ।" पत्रुश भन्दछन -"पश्चाताप गर र पापमोचनको लागि येशूको नाउमा वप्तिस्मा लेऊ ।" **(प्रेरित २:३८)** नया नियमको समयमा येशूमा विश्वास राख्नेहरुनै वप्तिस्मा लिए । **(प्रेरित २:४१, :१२,३६, १०:२,४७, १६:, १९:२-५)** येशू आफैले पनि यहुन्नबाट वप्तिस्मा लिनु भयो सारा धार्मिकता पुरा गर्न । **(मति ३:१५)** वप्तिस्मा कसले दिन्छ ? येशूका चेलाहरुले प्रचारकहरुले र मण्डलीमा पास्टर, एल्डर, लिडरहरुबाट दिइन्छ । **(प्रेरित ८)** त्यहा कसले दिन्छ भन्दा पनि बढी महत्वपूर्ण के छ भने कसरी कस्को नाममा दिइन्छ भन्ने जान्नु बढी महत्वपूर्ण हुन्छ ।

**यसो भए कसरी दिइन्छ ?** येशूको नाऊमा । यो काम गर्न (वप्तिस्मा दिन) येशूबाट चेलाहरुले अधिकार प्राप्त गरेका थिए र यो अधिकार यहुन्ना मर्नु भन्दा अगाडि नै प्राप्त गरेका थिए । त्यस समयमा येशू ति चेलाहरुसँग तिनवर्ष जति रहनु भयो र धेरै कुरा चेलाहरुलाई सिकाउनु भयो तर चेलाहरुलाई ति सबै कुराको सम्झना थिएन तव येशूले तिनीहरुलाई भन्नु भयो, यि सबै कुराको सम्झना गराउन, सिकाउन पवित्र आत्मा आउनु हुनेछ ।

**यसो भए कसरी दिइन्छ ?** येशूको नाऊमा । यो काम गर्न (वप्तिस्मा दिन) येशूबाट चेलाहरुले अधिकार प्राप्त गरेका थिए र यो अधिकार यहुन्ना मर्नु भन्दा अगाडि नै प्राप्त गरेका थिए । त्यस समयमा येशू ति चेलाहरु सँग तिनवर्ष जति रहनु भयो र धेरै कुरा चेलाहरुलाई सिकाउनु भयो यि सबै कुराहरुको सम्झना गराउन सिकाउन आत्मा आउनु हुनेछ । **(यहुन्ना १४:२६,१६:१३)** । जब उहा बौरी उठ्नु भयो र भन्नु भयो "सबै देशका जातिहरुलाई चेला बनाऔं । अनि पिता र पुत्र र पवित्र आत्माको "नाउमा" वप्तिस्मा देऔं । **(मति २८:१९)** भनी आज्ञा दिनु भयो र भन्नु भयो । तिमीहरु यिनै कुराका साक्षी हौं । तिमीहरुले यरुशलेमबाट शुरु गरेर सबै देशका मानिसहरुलाई उहाँको नाऊमा पश्चाताप र पापमोचनको प्रचार गर्नु पर्छ ।
**(लुका २८:४८)** र तिमीहरु यिनै कुराका साक्षी हौं । **(लुका २४:४८, प्रेरित १:८)** र उहाले पवित्र आत्मा र शक्तिको प्रतिज्ञा दहोर्‍याउनु भयो । **(लुका २४:४९, प्रेरित १:४)** तव पेन्तिकोषको दिनमा तिनीहरु सबैले पवित्र आत्माको शक्ति प्राप्त गरे **(प्रेरित २:४)** । तिमीहरुले पवित्र

आत्मा पाएको दावी गरेर । **(प्रेरित २:१४-२१)**, येशू ख्रिष्टलाई परमेश्वर भनी दावी गरे । **(प्रेरित२:२२-३६)** र यसो भन्दै प्रचार गर्न थाले - "पश्चाताप गर र पापबाट मुक्ति पाउनेछौं ।" **(प्रेरित २:३७-३८)** उहाको प्रतिज्ञामा फेरी एक भएर वसे **(प्रेरित २:३९)** र मुक्तिको महत्वपूर्ण भाग

(प्रेरित २:४०) लाई सम्झे । तिनीहरुले येशूको नाऊमा वप्तिस्मा लिए **(प्रेरित८:१६, १०:४८, १९:५)** येशूको नाममा रोगीहरु चंगाइ भए । **( प्रेरित ३:१६, ४:९-१०)** येशूको नाऊमा मृत आत्माहरु भगाएर **(प्रेरित १६:१८)** अनि येशूको नाऊमा प्रचार गर्न थाले । **(प्रेरित ३:१३-१५, १७-२६, ४:२, ११-१२,३३, ५:३०-३२, ७:५२-५३,५६, ८:५,१२,३०-३५, ९:१७,२०-२२,२८, १०:३६-४३, ११:१६-१७,२०, १३:२३-३९, १५:११, १६:३१, १७:२-३,१८,३१, १८:५,२५,२८, १९:४,१३, २०:२१,३५, २८:८-१०, १४-१६, २४:२४, २५:१९, २६:८-९, १४-१८,२३, २८:२३,३१)**

सबै अन्तर विन्ति प्रार्थना येशूको नाऊमा **(प्रेरित ४:२७,३०, ७:५९)** येशूको नाऊमा चंगाई पाएर हिर्षित हुदै हिडडुल गरे **(प्रेरित ५:३२, १५:२६, २०:२४, २१:१३)** र सारा सभाघरहरुमा उहाँको नाऊ उच्च स्वरमा पुकारे **(प्रेरित १९:१७)** । तिनीहरुलाई नै ख्रिष्टीयन भनिन्छ किनकी तिनीहरु येशूको पछि लागे र ख्रिष्टीयन कहलिइ **(प्रेरित ११:२६, २६:२८)** येशू ख्रिष्टको शक्ति र प्रचारलाई रोक्न उहाँका शत्रुहरुले अनेकौं चाल चले र उहाँको नाऊ नै नलिनु भनि आदेश दिए । **(प्रेरित ४:१७-१८, ५:२८,४०, ६:१४)** र तिनीहरुले थाहा पाएर उहाँ ति मानिसहरुसँग पनि हुनुहुन्छ भन्ने कुरा **(प्रिरत४:१३)** यहाँ मैले वाइवलमा लेखिएको कुरालाई सिधा र सरल रुपमा मात्र प्रस्तुत गरेको छु । किनकी यि पदहरुमा येशूको नामलाई नै सिधा ब्यक्त गरिएकाछन । यि सारा कुराहरु येशूको नाऊमा नै पूर्ण भएकाछन । येशूको नाऊमा रोगीहरु निको भएका, भूत आत्मा भागेको र अन्यभाषा वोलेका छन यस्तै अरु **(मुर्कूश १६:१७-१८)** र प्रचार **(लुका २४:४७)**

केहि केहि मानिसहरु उनीहरुको परम्परालाई जोगाउदै वप्तिस्मा दिदा "येशूको नाममा" अर्थात उहाँको अधिकारबाट प्राप्त भनेर पिता र पुत्र र पवित्र आत्माको नाऊमा दिने गर्दछन र यसलाई नै वप्तिस्मा विधि बनाउदछन तर उनीहरुले यो विचार गर्दैनन कसरी चेलाहरुले यो *मति २८:१९* लाई प्रेरितले पुस्तकमा उल्था गरे ? यो बचन महान आज्ञा दिदा उहाको चेलाहरुले त्यहि वसेर सुनेका थिए तर किन **मति २८:१९** अनुसार उहाँको चेलाहरुले पिता र पुत्र र पवित्र आत्माको नाऊमा वप्तिस्मा लिएनन्/दिएनन् किनभने चेलाहरुलाई येशूले **यहुन्ना ५:४३** मा भन्नु भएको कुराको राम्रो याद थियो । "म आफ्नो पिताको नाऊमा आएको छु"

**(यहुन्ना ५:४३)** जुनचाँही पिताले येशूलाई दिनु भएको थियो । **(यहुन्ना ५:४३)** र त्यो पवित्र आत्मा मेरो नाऊमा आउनु हुन्छ **(यहुन्ना १४:२६)** । हेरौं, यि तिनवटा उपनामहरु एउटै परमेश्वर हुनुहुन्छ । **(व्यवस्था ६:४)** । जसलाई येशू आत्मा भन्ने गर्नु हुन्छ **(यहुन्ना ४:२४)** यसलाई येशू स्वयमले भन्नु हुन्छ, उहाँ तिमीहरु सित रहनु हुनेछ । **(यहुन्ना ५, यहुन्ना १४:१७)** फेरी पनि त्यहाँ एकमात्र परमेश्वर हुनहुन्छ, यसबाट के स्पष्ट हुन्छ भने आत्मा जसले संसारलाई सृष्टि गर्नु भयो । **(उत्पति १:२)** । पवित्र आत्मामा भएको आत्मा र येशूमा भएको आत्मा एकै थियो त्यसैले येशूका चेलाहरुले येशूमा भएको आत्मा र पवित्र आत्मा भन्ने दुबैलाई प्रयोग गरेका छन **(प्रेरित १६:६-७)** । एउटै परमेश्वर विभिन्न स्वरुपमा आफुलाई प्रस्तुत गर्नु भयो र प्रत्येक काम गर्दा उहाँले आफ्नो नाऊ येशू नै प्रयोग गर्नु भयो ।

उहा के हो त ? येशू को हुनु हुन्छ ?

येशू नै परमेश्वर हुनुहुन्छ **(यशैया ७:१४, ९:६, मलाकी २:१०, उत्पति १:१, जकरिया १४:९, यशैया ४३:१०, प्रस्थान ३:१३-१५)** उहाँ मानिसको स्वरुपमा धर्तिमा आउनु भयो । **(मति १:२१, १ तिमोथी ३:१६, २ कोरिन्थी ५:१९, यहुन्ना १४:६-१०, १०:३०-३३, :२१,२४-२, :५६-५, १:१०)** उहाँ प्रथम र अन्तिम हुनुहुन्छ **(प्रकाश १:१७, २२:१३)** उहा सृष्टिकर्ता हुनुहुन्छ **(यहुन्ना १:१०, एफिसी ३:९)**

**मानिसहरुले किन वप्तिस्मा लिन्छन ? के को लागि ?**

वप्तिस्मा चाँही पापबाट क्षमा प्राप्त गर्न र मुक्ति (उद्धार) पाउनको लागि लिइन्छ ।

**(प्रेरित २:३८)** वप्तिस्मा भनेको येशू सँगै गाडिनु हो । **(रोमी ६:३, कलसी २:१२)**, वप्तिस्मा भनेको आफ्नो ब्यक्तिगत परिचय येशू सँग गर्नु हो । **(रोमी ६:३, गलती ३:२६)** वप्तिस्माले हामीलाई विकृति, खराव आचरणबाट अलग गर्दछ त्यस्तै नयाँ जीवनको साथमा नयाँ परिवार र आत्मिकि जीवन र ज्ञान दिन्छ । **(एफिसी ३:१४-१५)** वप्तिस्मा हाम्रो मुक्तिको एक अंग हो । **(१ पत्रुश ३:२१)** उहाँको नाऊमा मात्र उद्धार छ । **(प्रेरित ४:१२)** हाम्रो एउटै मात्र ढोका छ एउटैमात्र सुरक्षा, सम्पूर्ण विश्वार भरोसा अनि येशूको नाऊमा वप्तिस्मा **(यहुन्ना १४:६-११, लुका २४:४९, प्रेरित २:४)**

**कहिले येशूको नाऊमा पानीमा डेबेर वतिस्मा लिने ?**

जति वेला हामी येशूका विश्वास गर्छौं र हाम्रो पापको पश्चाताप माग्छौं त्यति नै बेला वप्तिस्मा लिनु पर्छ । पेन्टिकोषको दिनमा ३००० मानिसले त्यहि दिन वप्तिस्मा लिए । **(प्रेरित २:४१)** सामरियनहरुले जति वेला विश्वार गरे त्यति बेलानै वप्तिस्मा लिए **(प्रेरित ८:१२)** र फिलिफीको सुसमाचार सुन्ने इथोपियन प्रश्न गरे र वप्तिस्मा लिए **(प्रेरित ८:३६-३८)** पावलले ढिला नगरी वप्तिस्मा लिएर **(प्रेरित ९:१८, २२:१६)** कर्नेलियसको घरमा पहिले नै पवित्र आत्मा पाएका थिए र पत्रुशले येशूको नाऊमा वप्तिस्मा दिनुभनि आज्ञा गरे **(प्रेरित १०:४८)** तब तिनीहरुले पत्रुशलाई केहिदिन त्यही रहनुहोस भनि अनुरोध गरे । फिलिपियन विश्वासीहरु **(प्रेरित १६:१३-१५)** र जलेर **(प्रेरित १६:३१-३३)** हरुले ढिला नगरी वप्तिस्मा लिए, ति जेलरहरुले त भोली सूर्य उदायपछि लिऔं पनि भनेनन् । एफिसीका, एल्डर त्यस्तै सामरियन र अरुहरुले जुनवेला येशूलाई विश्वास गरे त्यहीलेला वप्तिस्मा लिए । **(प्रेरित १९:५)**

**ऐतिहासिक तथ्याँङ्कले पनि पहिलेको मण्डलीहरुले येशूको नाऊमा दिएको देखाउछ ।**

**इनसाइक्लोपिडिया अफ रिलिजन एण्ड ऐथिक्स (१९५१) ॥ ३८४,३८९:**

# BAPTISM: What? Where? Who? How? Why? When?

"प्रभु येशू ख्रिष्टको नाऊमा" अथवा अरु कुनै शब्द समुह एउटा अर्थलाग्ने त्यहा तिनवटा नामहरु उल्लेख गर्नु पर्ने कुनै जरुरी छैन, पहिलेका तरिका प्रेरितको पुस्तकमा हामी सामू छदैछ त्यसलेला पानीमा डुवाउने ब्याख्या प्रभुको नाऊ उल्लेख गरिएको छ। त्रि-एक परमेश्वरको नाममा दिने प्रचलन पछि समावेश गरिएको हो।"

इन्टरपिटेसन वाइवल डिक्नेरी अफ क्रिष्टियन थट (१९६५, १, ५३, "प्रथमत वप्तिस्मा दिदा येशूको नाऊमा भनेर उल्लेख गरिएको छ तर पिता, पुत्र र पवित्र आत्माको नाऊमा दिने चलन पछि आएको हो।"

वास्तवमा वाइवलमा त्रि-एक परमेश्वर वा पिता, पुत्र र पवित्र आत्माको नाऊमा वप्तिस्मा लिएको पाउदैनौ, पिता पुत्र र पवित्र आत्मा येशू ख्रिष्टको उपनामहरु हुन र मति २८:१९ मा **"नाऊमा"** लेखिएको छ। त्यहाँ नाऊहरुमा भनेर उल्लेख गरिएको छैन र यसको अभ्यास येशू आफैले ३ वर्ष सम्म आफ्नो प्रचारको कृममा अभ्यास, प्रयोग भएनन र त्यस बेलाको मण्डलीहरुले वप्तिस्मा येशूको नऊमा नै अभ्यास गरे र यहि वप्तिस्मा पद्धति हो। अब हामीले वप्तिस्मा किन, कसरी, कस्को नाऊमा, कहिले दिने भन्ने थाहा पायौं, सुन्यौं तर यसको अभ्यास, प्रयोग गर्दैनौ भने यस वारेमा हामी आफैले निर्णय गरौं। यदि हामीले येशूले भनेको कुरा चेलाहरुले पालन गरेको आज्ञालाई पालना गदैनौ भने हामीले हाम्रो घर (मण्डली) वालुवामा बनाउने छौ तर आज हामीले सुन्यौ थाहापायौं र वाइवलले देखाएको वाटो हिड्यौं भने हामी हाम्रो घर मण्डली चाट्टान माथि बनाउने छौं। **(मति ७:२४, याकुव १:२२-२५)**

यदि तपाईहरुमा अझै केहि प्रश्नहरु, जिज्ञासाहरु छन भने स्थानीय यु.पि.सी. मण्डलीमा सम्पर्क राख्नु हाला।

पत्रचारको लागि
यु.पी.सी. नेपाल
पो.व.न. ९३८१, काठमाडौं
UPC HQS
8855 DUNN ROAD HAZELWOOD NO.63042 USA
Contact:adhikari.bobby@gmail.com

स्थानिय मण्डली